# आठराई त्रिवेणीगाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

१ नंप्रदेश, नेपाल

## बोलपत्र आहवान वा E-Bidding को सूचना

**ठेक्का नं:-४-०७५/०७६ (निर्माण)**

**(प्रथम पटक प्रकाशित मितिः२०७५/०९/३०)**

यस कार्यालयकोलागि आ.व. २०७५/०७६ मा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं १ बिराटनगर बाट प्राप्त ससर्त अनुदान रकम बाट सडक स्तरउन्नति कार्य सिलबन्दी बोलपत्र वा E-Bidding कोमाध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायी बाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र वा E-Bidding कोमाध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरुः-**

1. तपशिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रशिद साथ वा यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक हाङपाङ शाखाको सञ्चित कोषको खाता नं २६७०३०४०१८१०२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर निर्माण व्यवसायीले व्यवसाय नवीकरण भएको इजाजत पत्र, आय कर तथा मोहकर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यस गाउँपालिकाकोकार्यालय हाङपाङ ताप्लेजुङ तथा www.bolpatra.gov.np/egp बाट यो सूचना प्रथम पल्ट प्रकाशित भएको मितिले ३० औ दिन सम्म खरिद गर्न सकिने छ । खरिद भएका बोलपत्र सम्बन्धि कागजात ३१ औ दिनको १२ बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्र दाताको नाम,ठेगाना र फोन नं समेत स्पस्ट खुलाई फर्मको छाप लगाई यस कार्यालयमा मात्र दर्ता गराउनु पर्ने छ ।
2. उल्लेखित कार्यालयबाट बिक्रि भएका बोलपत्र सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरि दर्ता गर्नु पर्नेछ ।दर्ता भएका बोलपत्रहरु अन्तिम दर्ता गर्नु पर्ने दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजका प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिने छ ।बोलपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
3. बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवम खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोहि वमोजिम हुनेछ ।
4. बोलपत्र जमानत यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक हाङपाङ शाखा को धरौटी खाता नं २६७०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैंक बाट क बर्गको मान्यता प्राप्त बैंक बाट वा कुनै वाणिज्य बैंक बाट यस कार्यालयको नाम मा जारी भएको कार्य प्रयोजन एवमठेक्का नं अनिवार्य रूपमा उल्लेख भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फारम अनुसारनै पेश भएको मात्र मान्य हुनेछ ।
5. बोलपत्र दाताले बोलपत्रमा दर रेट भर्दा मूल्य अभि बृद्दी कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।बोलपत्रमा प्रत्येक आइटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्टलेखि प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ ।अंक र अक्षर फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिइनेछ।केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ ।
6. आर्थिक पक्षहरु बोलपत्र सम्बन्धि कागजात उल्लेख भए अनुसारपेश गर्नु पर्नेछ। संयुक्त उपक्रमको हकमा मुख्य साझेदार(lead partner) कोहिस्सा कम्तिमा ४०% तथा अन्य साझेदारहरुको हिस्सा कम्तिमा २५% हुनु पर्नेछ ।
7. बोलपत्र सम्बन्धि अन्य कुनै कुरा बुज्नु परेमा यस कार्यालयको मोबाइल नं ९८५२६६०९६०मा सम्पर्क गर्न सकिने छ ।
8. नक्कली कागजात पेश गरि वा मिलेमतो गरि बोलपत्रमा भाग लिएको पाइएमा सो बोलपत्र रद्द गरी कालो सुचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ ।म्याद नाघी आएको, रित नपुगेको र ससर्त पेश भएको बोलपत्रहरु मान्य हुने छैन ।
9. बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरि कामको बारेमा जानकारी लिन अनुरोध गरिन्छ साथै Pre-bid Meeting ०७५/१०/१९ गतेका दिन यस कार्यालयमा दिनको २ बजे हुनेछ ।
10. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ । यस सुचनामा उल्लेखनभएका कुराहरुकोहकमासार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।
11. यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp र यस कार्यालयको वेबसाइट www.aathraitribenimun.gov.np मा हेर्न सकिनेछ ।

| क्र.सं | विवरण | ल.ई रकम (मू.अ कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दुर्गा मा.बि फुलवारीबाट खरी भिर हुँदैपरमसिंह मा.बिनिघुरादीनमालबासे हुँदै फुगुवाखोला जोड्ने सडक स्तरउन्नति | रु १,४२,१०,७२३.२७ /- | रु. ३,७०,०००/- | रु.३,०००/- | बोलपत्र (E-Bidding) | |